# म्याग्दे गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## छाङ, तनहुँ, गण्डकी प्रदेश, नेपाल

**विषय : राय सुझाव माग सहित वार्षिक वजेट निर्माण कार्यतालिका सार्वजनिक सम्बन्धमा**

*श्री म्याग्दे वासी स्थानीय नागरिक सबै ।*
*श्री वर्तमान पदाधिकारी सबै/ निवर्तमान पदाधिकारी सबै / विषयगत समिति/ शाखा/वडा कार्यालय सबै*
*श्री सहकारी सस्था,/ टोल विकास सस्था,/ युवाक्लव,/ आमासमुह ,/ गैहसरकारी सस्था,/ निजि क्षेत्र/, विभिन्न क्षेत्रगत समुह तथा संघ सस्थाहरु /, राजनीतिक दलहरु /,उद्योग वाणिज्य संघ,/ उपभोक्ता समुहहरु,/ नागरीक समाज /सामुदायीक तथा सस्थागत विद्यालयहरु/सामुदायीक वन उपभोक्ता समिति/ सञ्चारकर्मि/ वुफिजिवि लगाएत सरोकार सबै म्याग्दे गाउँपालिका तनहुँ ।*

प्रस्तुत विषय सम्बन्धमा यही मिति २०८१।०१।३१ गते वसेको गाउँकार्यपालिकाको निर्णय अनुसार मिति २०८१।०३।०६ गते प्रस्तुत हुने आगामी आ.व. ०८१।०८२ को नीति तथा कार्यक्रम / मिति २०८१।०३।१० गते प्रस्तुत हुने वजेट निर्माण /आर्थिक ऐन, विनियोजन ऐन लगाएतका विभिन्न ऐन निर्माणको प्रारम्भ भए सगै सरोकार सबै सग टेलीफोन सम्पर्क/ लिखित,/ मौखीक,/ मेल मार्फत /रायसुझाव संकलन गरी सोही आधारमा वजेटको अन्तिम मार्गदर्शन / नीति तथा कार्यक्रम तयारी / ऐन निर्माण/ नीतिगत निर्णय/ र वार्षिक वजेट निर्माण गरिनेहुदा तपाईहरु सरोकार सबै वाट ( यही मिति २०८१।०२।१५ गते भित्र ) आवश्यक रायसुझाव गाउँपालिकाको योजना शाखा, र सरोकार वडा तथा ७ वटै वडाकार्यालयहरुमा उपलब्ध गराई नीति तथा कार्यक्रम सहित ऐन र वजेट निर्माणमा सहयोग पुर्याईदिनुहुन यसै सूचना मार्फत हार्फिक अपिल गर्दछौ।

<u>तपशिल कार्यतालिका</u>

| सि.न | कार्यक्रम विवरण | मिति तथा समय | स्थान | सहभागी हुने |
|---|---|---|---|---|
| ०१ | सर्वदलिय, सर्वपक्षिय भेला तथा छलफल | २०८१।०२।०७ गते | गाउँपालिकाको सभाहल | गाउँपालिका वाट टेलीफोन तथा पत्राचार गरी आमन्त्रीत गरिएको व्यक्तीत्वहरु |
| ०२ | वस्ती स्तरीय योजना तर्जुमा | २०८१।०२। १६,१७ र १८ गते | सबै वडाले तय गरे अनुसार वडाका बिभिन्न वस्ती तथा टोलमा | वडाको सुचना अनुसारका व्यक्तीत्वहरु |
| ०३ | वडा तहमा योजना छनौट तथा प्राथामिकिकरण | २०८१।०२।२४ र२५ गते | सबै वडाको वडा कार्यालय भवनमा | वडाका पदाधिकारीहरु |
| ०४ | विषयगत समिति मा योजना छनौट तथा प्राथामिकिकरण | २०८१।०२।२७,२८, २९, र ३० गते | गाउँपालिकाको सभाहल | विषयगत समिति का पदाधिकारी र विषयगत शाखा प्रमुखहरु |
| ०५ | वजेट तथा कार्यक्रम तर्जुमा (एकिकृत) | २०८१।०२।३१ गते | गाउँपालिकाको सभाहल | समितिका पदाधिकारीहरु |
| ०६ | कार्यपालिका को वैठक | २०८१।०३।०३ गते | गाउँपालिकाको सभाहल | कार्यपालिकाका सदस्य ज्यूहरु |
| ०७ | कार्यव्यवस्था परामर्श समितिको वैठक | २०८१।०३।०४ गते | गाउँपालिकाको सभाहल | तोकीएका पदाधिकारीहरु |
| ०८ | गाउँसभाको १६ औ अधिवेशन प्रारम्भ/ नीति तथा कार्यक्रम प्रस्तुती /सगै छलफल र स्वीकृत | २०८१।०३।०६ गते | गाउँपालिकाको सभाहल | गाउँसभा सदस्य ज्युहरु सबै |
| ०९ | वजेट प्रस्तुती/ विभिन्न विधेयक प्रस्तुत | २०८१।०३।१० गते | गाउँपालिकाको सभाहल | गाउँसभाका सदस्य ज्युहरु सबै |
| १० | विभिन्न विधेयक छलफल स्वीकृत/ वार्षिक वजेट माथी विषयगत, दफावार छलफल र स्वीकृत/ सगै सभाको अधिवेशन अन्त्य | २०८१।०३।२४ गते | गाउँपालिकाको सभाहल | गाउँसभाका सदस्य ज्युहरु सबै |
| ११ | स्वीकृत वजेट तथा कार्यक्रम, मध्यकालिन खर्च संरचना र कानुन प्रकाशन | २०८१।०३।२७ गते विहिवार | कार्यालय सुचना प्रविधी शाखा | स्थानीय राजपत्र र वेभसाईट सुचना मार्फत |
| १२ | पुरस्कार सिफारीस कार्यदल वैठक | २०८१।०३।२८ गते | गाउँपालिकाको सभाहल | कार्यदलका पदाधिकारी सबै |
| १३ | वजेट पुस्तीका तयारी र छपाइं | २०८१।०४।०१ देखी ०६ भित्र | | तोकीएका कर्मचारीहरु |
| १४ | स्वीकृत वजेट तथा कार्यक्रम सार्वजनिक समारोह | २०८१।०४।०७ गते | गाउँपालिका सभाहल | पदाधिकारी, कर्मचारी, राजनीतिक दल, सञ्चारकर्मि र सरोकार सबै । |
| १५ | वार्षिक समिक्षा र पुस्तक प्रकाशन | २०८१।०४।०७ गते | गाउँपालिका सभाहल | पदाधिकारी, कर्मचारी, राजनीतिक दल, सञ्चारकर्मि र सरोकार सबै |

**नोट (गैहसरकारी सस्थाहरुको हकमा )** : म्याग्दे गाउँपालिका कार्यक्षेत्र भई आर्थिक वर्ष २०८१।०८२ मा कार्यगर्ने गै.स.स. हरुले अनिवार्य रुपमा यही मिति २०८१।०२।०७ गते हुने आमभेला तथा सर्वपक्षिय भेलामा उपस्थीत भई आ( आफ्नो वजेट तथा कार्यक्रमको वारेमा जानकारी सगै आफ्नो वार्षिक वजेट तथा कार्यक्रमको सफ्ट कपी र हार्डकपी यही मिति २०८१।०२।१५ गते भित्र गाउँपालिकाको योजनाशाखामा पेशगर्नुपर्ने छ । अन्यथा गाउँपालिका वाट कुनै पनी कार्यक्रम गर्नेगरी अनुमती नदिईने साथै नविकरण समेत नगरीने व्यहोरा यसै सूचना मार्फत जानकारी गरिन्छ ।

नारायण प्रसाद अधिकारी
(प्रमुख प्रशासकिय अधिकृत)

वालकृष्ण घिमिरे
(उपाध्यक्ष )

श्रीप्रसाद श्रेष्ठ
अध्यक्ष

लागि सम्पादक :प्रकाशचन्द्र भट्टराई (९८५६०६०७८९), कानूनी सल्लाहकार :त्रिभुवन श्रेष्ठ,
नपा-२, बुद्धचोक, दमौली Email : lokwanidaily@gmail.com, मुद्रण:विज्ञान प्रिन्टर्स, दमौली, फोन :०६५-५६०१२४